वृत्ति मार्गनिर्देशन सेवा केन्द्र व्यवस्थापन तथा सञ्चालन मापदण्ड, २०८१

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

# वृत्ति मार्गनिर्देशन सेवा केन्द्र व्यवस्थापन तथा सञ्चालन मापदण्ड, २०८१

प्रस्तावनाः गण्डकी प्रदेशका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा निहित रुची तथा क्षमताको पहिचान गरी भविष्यमा उनीहरूको वृत्तिको मार्ग तय गर्न, सम्बन्धित विद्यालयमा अध्यापनरत शिक्षकहरूलाई वृत्ति मार्गनिर्देशन सम्बन्धी तालिम प्रदान गर्ने, प्रदेशका युवा जनशक्तिलाई वृत्ति तथा रोजगारी सम्बन्धमा मार्गनिर्देशन तथा परामर्शका लागि सेवा केन्द्र सञ्चालन गर्नुका साथै वृत्ति सम्बन्धमा स्थानीय तह, रोजगारदाता, रोजगार सेवा प्रदायक तथा तालिम प्रदायक संस्था, शिक्षण संस्था वा अन्य सरकारी तथा गैरसरकारी संस्थाको भूमिका स्पष्ट गर्दै त्यस्ता संस्था तथा निकायसँगको सहकार्य र साझेदारीमा एकीकृत कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट यो मापदण्ड बनाई लागू गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "वृत्ति मार्गनिर्देशन सेवा केन्द्र व्यवस्थापन तथा सञ्चालन मापदण्ड, २०८१" हुनेछ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,–

(क) "डाटावेस प्रणाली" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी सेवाग्राहीहरुको विवरण, रोजगारदाताहरुले प्रदान गर्ने सेवा तथा आवश्यक जनशक्ति सम्बन्धी विवरण राख्ने अनलाइन प्रणालीलाई सम्झनु पर्दछ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ६ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको शिक्षा विकास निर्देशनालय सम्झनु पर्छ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) "महानिर्देशक" भन्नाले शिक्षा विकास निर्देशनालयको प्रमुख भई कामकाज गर्ने व्यक्ति सम्झनु पर्छ।

(छ) "महाशाखा प्रमुख" भन्नाले मन्त्रालयको शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख सम्झनु पर्छ।

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

(ज) "लक्षित समूह" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा केन्द्रले सेवा पुर्याउने उद्देश्य राखेको सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापनरत शिक्षक र विद्यालयमा अध्ययनरत विद्यार्थीका साथै बेरोजगार व्यक्ति, रोजगारमा रहेका व्यक्ति, वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति, वैदेशिक रोजगार तथा अध्ययनका लागि विदेश जान चाहने व्यक्ति र स्नातक तथा स्नातकोत्तर तहको उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरू सम्झनु पर्छ।

(झ) **"वृत्ति संयोजक"** भन्नाले यस मापदण्ड बमोजिम सेवा केन्द्रमा वृत्ति संयोजक भई कामकाज गर्ने व्यक्ति सम्झनु पर्छ।

(ञ) **"वृत्ति सहजकर्ता"** भन्नाले यस निर्देशिका बमोजिम सेवा केन्द्रमा वृत्ति सहजकर्ता भई कामकाज गर्ने व्यक्ति सम्झनु पर्छ।

(ट) **"व्यवस्थापन समिति"** भन्नाले दफा ७ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ।

(ठ) **"स्थानीय तह"** भन्नाले गण्डकी प्रदेश भित्रका महानगरपालिका, नगरपालिका तथा गाउँपालिका सम्झनु पर्छ।

(ड) **"विद्यालय/शैक्षिक संस्था"** भन्नाले सामुदायिक र संस्थागत विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस तथा मान्यता प्राप्त तालिम प्रदायक संस्थालाई सम्झनु पर्दछ।

(ढ) **"वृत्ति"** भन्नाले आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गरी कुनै पनि नियमित, आयमूलक र जीवनयापन गर्न सकिने पेशा वा व्यवसायलाई सम्झनु पर्दछ।

(ण) **"वृत्ति मार्गनिर्देशक"** भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयका तोकिए बमोजिमका प्रशिक्षक प्रशिक्षण तालिम लिएका शिक्षकलाई सम्झनु पर्दछ।

(त) **"वृत्ति मार्गनिर्देशन सेवा"** भन्नाले युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका वा कामदारलाई वृत्ति मार्गनिर्देशन/परामर्शको लागि यस मापदण्ड अनुसार प्रदान गरिने सेवालाई सम्झनु पर्दछ।

(थ) **सचिव"** भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

(द) **"सेवा केन्द्र"** भन्नाले यस मापदण्ड बमोजिम सञ्चालन हुने वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सम्झनु पर्छ।

(ध) **"स्थानीय क्लब/संघ/संस्था"** भन्नाले गण्डकी प्रदेश भित्र नियमानुसार दर्ता भई स्थानीय तहमा सञ्चालनमा रहेका युवा क्लब, स्वयंसेवामूलक/सेवामूलक संस्थाहरुलाई सम्झनु पर्दछ।

Brabing

प्रतिनिधि: बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

## सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. <u>सेवा केन्द्र स्थापना तथा सञ्चालन</u> (१) मन्त्रालय मातहत रहने गरी अस्थायी संरचनाको रूपमा शिक्षा विकास निर्देशनालयमा सेवा केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि मन्त्रालयले सेवा केन्द्रलाई सालबसाली रुपमा बजेट विनियोजन गर्नेछ।

४. <u>सेवा केन्द्रको कार्यक्षेत्रः</u> (१) सेवा केन्द्रको कार्यक्षेत्र गण्डकी प्रदेशभर हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अन्य प्रदेशबाट गण्डकी प्रदेशमा आई बसेका नेपाली नागरिक पनि सेवा केन्द्रका सेवाग्राही हुनेछन् ।

५. <u>सेवा केन्द्रको जिम्मेवारीः</u> (१) सेवा केन्द्रले सम्पादन गर्ने अभिमुखीकरण तथा तालिम कार्य अन्तर्गत लक्षित वर्गका लागि देहायका क्रियाकलापहरू सम्पादन गर्नेछः-

(क) निर्देशनालयसँगको सहकार्यमा सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकलाई आवधिक रूपमा वृत्ति मार्गनिर्देशन तालिम र सो को पुनर्ताजगी तालिम सञ्चालन गर्ने/गराउने,

(ख) स्थानीय तहका शिक्षा शाखा र रोजगार शाखा अन्तर्गतका कर्मचारीलाई वृत्ति मार्गनिर्देशन सम्बन्धी तालिम तथा अभिमुखीकरण सञ्चालन गर्ने,

(ग) अभिभावक तथा विद्यार्थीलाई उपलब्ध वृत्ति विकल्पका अवसरहरू, वृत्ति छनौट तथा यसका फाइदाबारे अभिमुखीकरण सञ्चालन गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन तथा परामर्श सम्बन्धी अन्य सरोकारवालालाई आवश्यकता अनुसार अभिमुखीकरण तथा तालिम सञ्चालन गर्ने ।

(२) सेवा केन्द्रले सम्पादन गर्ने परामर्श तथा मार्गनिर्देशन कार्य अन्तर्गत देहायका क्रियाकलापहरू सम्पादन गर्नेछः-

(क)माध्यमिक तहका विद्यार्थीलाई उनीहरूको रुची तथा क्षमता प्रतिभाको मूल्याङ्कनका आधारमा वृत्ति मार्गनिर्देशन तथा परामर्श सेवा सञ्चालन गर्ने/गराउने,

(ख)बेरोजगार व्यक्ति, रोजगारमा रहेका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको सीप र क्षमताको मूल्याङ्कनका आधारमा रोजगारी तथा स्वरोजगारीका अवसर र सम्भावनाका बारेमा मार्गनिर्देशन तथा परामर्श सेवा प्रदान गर्ने,

(ग) वैदेशिक रोजगार तथा अध्ययनका लागि विदेश जान चाहने व्यक्तिका लागि सुरक्षित र मर्यादित रोजगारीका अवसर तथा सम्भावनाका लागि गर्नुपर्ने पूर्वतयारी सम्बन्धमा मार्गनिर्देशन तथा परामर्श सेवा प्रदान गर्ने,

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

(घ) स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई उनीहरूले अध्ययन गरेको विषय, अभिरूचीको क्षेत्र, व्यक्तिगत क्षमता र दक्षताको मूल्याङ्कनका आधारमा रोजगारी तथा स्वरोजगारीका अवसर र सम्भावनाका बारेमा मार्गनिर्देशन तथा परामर्श सेवा प्रदान गर्ने,

(ङ) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम प्रभावकारीताको लागि आवश्यक परामर्श तथा सहयोग गर्ने,

(च) आवश्यकता अनुसार अन्य व्यक्ति तथा सरोकारवाला संस्था तथा निकायलाई वृत्ति मार्गनिर्देशन सम्बन्धी परामर्श सेवा प्रदान गर्ने।

(३) सेवा केन्द्रले सम्पादन गर्ने खोज, अनुसन्धान तथा सर्वेक्षण कार्य अन्तर्गत देहायका क्रियाकलापहरू सम्पादन गर्नेछः-

(क) वर्तमान श्रम बजारमा देखापरेका नयाँ नयाँ विषय, क्षेत्र र चुनौतीहरूको खोज, अनुसन्धान तथा पहिचान गरी समयमै लक्षित वर्गलाई सो बारेमा मार्गनिर्देशन तथा परामर्श दिने,

(ख) रोजगारीका नवीनतम अवसरको खोज, अनुसन्धान तथा पहिचान गर्ने,

(ग) प्रविधिले ल्याएको परिवर्तनको सुक्ष्म अध्ययन तथा अनुसन्धान गरी सोबाट सिर्जित अवसर तथा चुनौतीको विश्लेषण गर्ने,

(घ) प्रविधिको प्रयोगबाट वृत्ति मार्गनिर्देशन र परामर्शलाई प्रदेशभर विस्तार गर्न आवश्यक उपायको खोजी गर्ने,

(ङ) आर्थिक रूपले विपन्न, दुर्गम भौगोलिक क्षेत्रमा बसोबास गर्ने, सिमान्तकृत लक्षित वर्गका व्यक्तिहरूको आर्थिक उत्थानका लागि अपनाउनु पर्ने वृत्तिको प्रकारहरूको बारेमा खोज तथा अनुसन्धान गर्ने,

(च) आवश्यकता अनुसारका अन्य विषयमा खोज, अनुसन्धान र सर्वेक्षण गर्ने ।

(४) सेवा केन्द्रले सम्पादन गर्ने समन्वय तथा सहजीकरण कार्य अन्तर्गत देहायका क्रियाकलापहरू सम्पादन गर्नेछः-

(क) रोजगारी तथा स्वरोजगारीको अवसर र सम्भावनाका सम्बन्धमा रोजगारदाता, रोजगार सेवा प्रदायक संस्था तथा तालिम प्रदायक संस्थासँग समन्वय र सहकार्य गरी लक्षित वर्गको सम्भाव्य रोजगारीका लागि सहजीकरण गर्ने,

(ख) स्थानीय तहको रोजगार सेवा केन्द्र/सामाजिक विकास कार्यालय/विद्यालय, सीप विकास इकाइबाट प्रदान हुने सेवासंग एकिकृत हुने गरी आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन तथा परामर्शको लाभ अधिकतम लक्षित वर्गले प्राप्त गर्ने उद्देश्यका लागि स्थानीय तह, शिक्षण संस्था र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

(५) सेवा केन्द्रले सम्पादन गर्ने सल्लाहकारी सेवा कार्य अन्तर्गत देहायका क्रियाकलापहरू सम्पादन गर्नेछः-

(क) वृत्ति सम्बन्धी नीति, योजना तर्जुमा तथा कार्यक्रम सञ्चालनका लागि नीति, योजना तथा कार्यक्रमको प्रारूप सहित मन्त्रालय तथा स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने,

(ख) शिक्षक तालिममा वृत्ति सम्बन्धी विषयलाई समावेश गर्ने सम्बन्धमा शिक्षा तालिम केन्द्रलाई आवश्यक सल्लाह तथा सुझाव दिने,

(ग) आवश्यकता अनुसार अन्य सल्लाहकारी सेवा प्रदान गर्ने।

(६) सेवा केन्द्रले सम्पादन गर्ने कार्यक्रम कार्यान्वयन गर्न देहायका क्रियाकलापहरू सम्पादन गर्नेछः-

(क) मन्त्रालयबाट स्वीकृत गरिएको वृत्ति मार्गनिर्देशन कार्यक्रम कार्यान्वयन मार्गदर्शनको आधारमा वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) वृत्ति, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाई सम्बन्धी सूचनामूलक सामग्रीहरुको उत्पादन, प्रशारण, प्रकाशन, प्रवोधीकरण तथा वितरण गर्ने,

(ग) प्रदेश तहमा कामको खोजीमा रहेका युवा, विद्यार्थी, कामदार, शैक्षिक संस्थाको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने र सो को तथ्यांक स्थानीय तहमा समेत व्यवस्थित गर्न सहजीकरण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयन गर्ने क्रममा निर्देशनालय, स्थानीय तह, सरोकारवाला संस्था/निकाय तथा लक्षित वर्गसँग समन्वय, सहकार्य गर्ने,

(ङ) आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित अन्य क्रियाकलाप गर्ने ।

## परिच्छेद - ३

## सेवा केन्द्रको संरचनात्मक व्यवस्था

६. <u>निर्देशक समिति सम्बन्धी व्यवस्थाः</u> (१) सेवा केन्द्र सञ्चालनको नियमित सुपरीवेक्षण, नीतिगत सहयोग तथा समन्वयका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय – संयोजक

(ख) महानिर्देशक, शिक्षा विकास निर्देशनालय – सदस्य

(ग) महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा, मन्त्रालय – सदस्य

(घ) महाशाखा प्रमुख, युवा तथा खेलकुद महाशाखा, मन्त्रालय – सदस्य

(ङ) अधिकृतस्तर प्रतिनिधि, गण्डकी प्रदेश नीति तथा योजना आयोग – सदस्य

(च) स्थानीय तहमध्येबाट मन्त्रालयद्वारा मनोनित शिक्षा, युवा तथा

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

खेलकुद शाखा/महाशाखा प्रमुख १ जना – सदस्य

(छ) तालिम केन्द्र प्रमुख, शिक्षा तालिम केन्द्र – सदस्य

(ज) शाखा प्रमुख, रोजगार सूचना केन्द्र – सदस्य

(झ) महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तिमा चार महिनामा एक पटक र आवश्यकता अनुसार जुनसुकै बेला बस्न सक्नेछ । बैठक सञ्चालन प्रक्रिया मन्त्रालयको मापदण्ड अनुसार हुनेछ ।

७. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>:उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा केन्द्रको लागि आवश्यक बजेट, कार्यक्रम तथा योजना तर्जुमा गर्ने,

(ख) प्रचलित कानून बमोजिम सेवा केन्द्र सञ्चालन सम्बन्धी निर्णय गरी व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ग) सेवा केन्द्रले प्रवाह गरेको सेवाहरूको अनुगमन तथा मूल्याङ्कन र समीक्षा गरी आवश्यक मार्गनिर्देशन दिने,

(घ) सेवा केन्द्रको गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार स्थानीय तहहरूमा समन्वय र सहजीकरण गर्ने/गराउने,

(ङ) सेवा केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति, सेवा र सुविधा नियमित रुपमा उपलब्ध गर्ने/गराउने ।

८. <u>व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः</u> (१) सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक "वृत्ति मार्गनिर्देशन सेवा केन्द्र व्यवस्थापन समिति" रहनेछः

(क) महानिर्देशक, शिक्षा विकास निर्देशनालय – संयोजक

(ख) शाखा प्रमुख/अधिकृत, शैक्षिक योजना तथा विज्ञान प्रविधि शाखा, मन्त्रालय – सदस्य

(ग) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय – सदस्य

(घ) शाखा प्रमुख, श्रम तथा रोजगार शाखा, मन्त्रालय – सदस्य

(ङ) कार्यालय प्रमुख, सीप विकास कार्यालय – सदस्य

(च) स्थानीय तहमध्येबाट निर्देशक समितिद्वारा मनोनित शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख १ जना – सदस्य

(छ) फोकल व्यक्ति, वृत्ति मार्गनिर्देशन सेवा केन्द्र, निर्देशनालय – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित जिल्लाका अन्य स्थानीय तहका शाखा/महाशाखा प्रमुख, कार्यलय प्रमुख/शाखा प्रमुख तथा विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ।

माननीय विन्दु कुमार थापा
मन्त्री

(३) समितिको बैठक कम्तिमा महिनामा १ पटक बस्नु पर्नेछ र आवश्यकतानुसार जुनसुकै बेला बस्न सक्नेछ। बैठक सञ्चालन प्रक्रिया मन्त्रालयको मापदण्ड अनुसार हुनेछ ।

९. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा केन्द्रको लागि आवश्यक बजेट, कार्यक्रम र योजना तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) सेवा केन्द्रले प्रवाह गरेको सेवाको अनुगमन तथा मूल्याङ्कन र समीक्षा गरी गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक सुझाव र पृष्ठपोषण दिने,

(ग) सेवा केन्द्रमा काम गर्ने कर्मचारीको कामको सम्बन्धमा समय-समयमा अनुगमन गरी आवश्यक निर्देशन दिने,

(घ) सेवा केन्द्रद्वारा प्रदान गरिने सेवाको गुणस्तरीयताका लागि स्थानीय तह, सरोकारवाला निकाय तथा संघसंस्थासँग समन्वय र सहकार्य गर्ने,

(ङ) सेवा केन्द्रको विस्तारको लागि आवश्यक स्रोत तथा जनशक्तिको व्यवस्थापनको लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) मन्त्रालय र निर्देशक समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने/गराउने,

(छ) सेवा केन्द्रको त्रैमासिक रुपमा अनुसूची - १ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने,

(ज) सेवा केन्द्रको व्यवस्थापन तथा सञ्चालनका लागि अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद - ४
## <u>जनशक्ति व्यवस्थापन</u>

१०. <u>जनशक्ति व्यवस्थापनः</u> (१) महानिर्देशक वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी केन्द्रको समेत फोकल व्यक्ति भई काम गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाहेक सेवा केन्द्र सञ्चालनका लागि कर्मचारी व्यवस्था नभएसम्म महानिर्देशकले निर्देशनालयका कर्मचारीलाई सेवा केन्द्र सञ्चालनको जिम्मेवारी तोक्नुपर्नेछ।

## परिच्छेद - ५
## <u>वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा विभिन्न निकायहरुको भूमिका</u>

११. <u>मन्त्रालयको भूमिकाः</u> सेवा केन्द्रको व्यवस्थापन तथा सञ्चालनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सेवा केन्द्र सञ्चालनको लागि वार्षिक बजेट विनियोजन गर्ने, गराउने,

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा ... मन्त्रालय

(ख) शिक्षा तालिम केन्द्रबाट सञ्चालन गरिने शिक्षक तालिमको पाठ्यक्रममा वृत्ति मार्गनिर्देशन तथा परामर्श सम्बन्धी विषय समावेश गर्न आवश्यक व्यवस्था मिलाउने,

(ग) सेवा केन्द्रमा काम गर्ने फोकल व्यक्ति, वृत्ति मार्गनिर्देशन संयोजक, वृत्ति मार्गनिर्देशन सहजकर्ता तथा अन्य कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) सेवा केन्द्रको दिगोपनाको लागि अन्य मन्त्रालय, स्थानीय तह, दातृ निकाय र सरोकारवालासँग समन्वय गर्ने,

(ङ) सेवा केन्द्रको समय-समयमा अनुगमन गरी आवश्यक निर्देशन दिने।

१२. <u>शिक्षा विकास निर्देशनालयको भूमिकाः</u> सेवा केन्द्रको व्यवस्थापन तथा सञ्चालनका लागि निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सेवा केन्द्रको लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी प्रशिक्षक प्रशिक्षण र पुनर्ताजगी तालिम लगायत क्षमता अभिवृद्धि सम्बन्धित तालिम सञ्चालन गर्ने,

(ग) तालिम केन्द्रद्वारा सञ्चालन गरिने शिक्षक तालिमको पाठ्यक्रममा वृत्ति मार्गनिर्देशन तथा परामर्श सम्बन्धी विषयलाई समेत समेटी शिक्षकहरूलाई तालिम दिने व्यवस्था मिलाउने,

(घ) सेवा केन्द्रको सञ्चालन तथा काम कारवाहीको अवस्थाबारे मन्त्रालय, निर्देशक तथा व्यवस्थापन समितिलाई जानकारी गराउने,

(ङ) सेवा केन्द्रबाट सम्पादन गरिने कामका सम्बन्धमा थप जनशक्ति आवश्यक पर्ने देखिएमा निर्देशनालयका कर्मचारीहरुलाई थप जिम्मेवारी तोकी काममा लगाउने व्यवस्था गर्ने/गराउने,

(च) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक पर्ने सूचना, सञ्चार तथा सिकाइ सामग्रीहरूको व्यवस्थापनमा सहयोग गर्ने,

(छ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी केन्द्रले गर्ने अध्ययन तथा अनुसन्धान कार्यका लागि आवश्यक मानवीय तथा प्राविधिक सहयोग उपलब्ध गर्ने/गराउने,

(ज) स्थानीय तहलाई वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन सम्बन्धमा सहजीकरण एवं प्राविधिक सहयोग प्रदान गर्ने,

(झ) सेवा केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने/गराउने।

१३. <u>सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्यः</u> सेवा केन्द्रद्वारा प्रदान गरिने सेवा प्रभावकारी र उपलब्धिमूलक बनाउन केन्द्रले देहायका सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्नेछः-

(१) स्थानीय तहः-

माननीय विन्दु कुमार थापा
मन्त्री

(क) माध्यमिक तहका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको संख्या र सम्बन्धित स्थानीय तह अन्तर्गत रहेका वेरोजगार युवाहरूको वास्तविक तथ्याङ्कको लागि समन्वय गर्ने ।

(ख) विद्यालयका विद्यार्थीहरूलाई प्रभावकारी रूपमा वृत्ति मार्गनिर्देशन सेवा प्रवाह गर्न समन्वय र सहकार्य गर्ने ।

(ग) रोजगार सेवा केन्द्र मार्फत वेरोजगार युवाहरूलाई वृत्ति मार्गनिर्देशन तथा परामर्श, शिक्षाको संसार, कामको संसार, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम सम्बन्धी सेवा प्रवाहको लागि समन्वय र सहकार्य गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापनका लागि स्थानीय तहमा समन्वय गर्ने ।

(२) प्राविधिक शिक्षालय/विद्यालयः-

(क) सम्बन्धित प्राविधिक शिक्षालयले सञ्चालन गर्ने विभिन्न पेशागत विषयहरू र भर्ना हुने विद्यार्थीहरूको तथ्याङ्कको लागि समन्वय गर्ने ।

(ख) विद्यार्थी/युवाहरूलाई वृत्ति मार्गनिर्देशन/परामर्श, वृत्ति पथ, कामको संसार, शिक्षा प्रणाली सम्बन्धी सेवा प्रवाहको लागि समन्वय, सहजीकरण तथा सहकार्य गर्ने ।

(३) रोजगार सूचना केन्द्रः-

(क) सेवा केन्द्रका सेवाग्राहीलाई रोजगार सूचना केन्द्र/मन्त्रालयद्वारा सञ्चालित श्रम संसार वेव पोर्टल एवं तालिम तथा रोजगार व्यवस्थापन सूचना प्रणाली (TEMIS) मा प्राप्त भएका श्रम तथा रोजगारसँग सम्वन्धित सूचनाहरू उपलब्ध गराउने कार्यका लागि सहकार्य गर्ने।

(ख) रोजगार सूचना केन्द्रमा सम्पर्कमा आएका व्यक्तिहरूको वृत्तिपथ खोजीका लागि सहजीकरण गर्ने।

(४) निजी क्षेत्र तथा उद्योग/व्यवसाय संघ/सङ्गठनः-

(ग) श्रम बजारसँग सम्वन्धित सूचना तथा तथ्याङ्कोलागि समन्वय गर्ने ।

(घ) उद्योग/व्यावसायहरूमा कार्यरत कर्मचारीहरूलाई वृत्ति परामर्श र बेरोजगार युवाहरूलाई कामको संसार र रोजगारी सम्बन्धी सेवा प्रवाहको लागि समन्वय तथा सहकार्य गर्ने ।

(५) गैरसरकारी संस्था तथा महासंघः-

(क) गैर सरकारी संस्थाहरूले सञ्चालन गरिरहेका विभिन्न क्रियाकलापहरू र संलग्न समूहहरूको तथ्याङ्कको लागि समन्वय गर्ने ।

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

(ख) संलग्न समूह तथा युवालाई प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र वृत्ति मार्गनिर्देशन/परामर्श, शिक्षाको संसार कामको संसार सम्बन्धी सेवा प्रवाहको लागि समन्वय तथा सहकार्य गर्ने ।

(६) अन्य संस्था तथा निकायः-

(क) सामुदायिक सिकाइ केन्द्र, समुदायका युवालाई वृत्ति मार्गनिर्देशन/परामर्श र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम, शिक्षाको संसार, कामको संसार र रोजगारी सम्बन्धी सेवा प्रवाहको लागि सामुदायिक सिकाइ केन्द्रसँग समन्वय गर्ने,

(ख) विदेश जाने र विदेशबाट फर्केका युवालाई वृत्ति परामर्श, सीप तथा उद्यमशिलता विकास तालिम र रोजगारी सम्बन्धी सेवा प्रवाहको लागि आप्रवासी स्रोत केन्द्रसँग समन्वय गर्ने।

## परिच्छेद - ६
## विविध

१४. बजेट व्यवस्थापनः सेवा केन्द्र सञ्चालनका लागि मन्त्रालयले वार्षिक रुपमा आवश्यक बजेट व्यवस्थापन गर्नेछ।

१५. साझेदारी गर्न सकिनेः (१) केन्द्र सञ्चालनको दिगोपनाको लागि स्थानीय तह तथा अन्य गैरसरकारी संस्थाहरूसँग आर्थिक तथा प्राविधिक साझेदारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम गरिने साझेदारीको प्रारूप मन्त्रालय तथा साझेदार निकाय वा संस्थाबीच आपसी समझदारीमा तय गरिने सम्झौता बमोजिम हुनेछ।

१६. अनुगमन सम्बन्धी व्यवस्थाः सेवा केन्द्रले गर्ने काम कारबाहीको सम्बन्धमा मन्त्रालय र निर्देशक समितिले नियमित रुपमा अनुगमन गर्नेछ ।

१७. प्रतिवेदनः (१) सेवा केन्द्रबाट अघिल्लो तीन महिनामा भए गरेका काम कारबाहीको सम्बन्धमा प्रत्येक चौथो महिनाको पहिलो हप्ताभित्र प्रगति प्रतिवेदन तयार गरी व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) केन्द्रबाट अघिल्लो आर्थिक वर्षमा भए गरेका काम कारबाहीको सम्बन्धमा प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ साथै व्यवस्थापन समितिले निर्देशक समितिमा पेश गर्नु पर्नेछ ।

१८. आगन्तुक तथा परामर्श लिएका व्यक्तिहरूको अभिलेख राखेः सेवा केन्द्रमा आएका आगन्तुकको अभिलेखीकरण अनुसूची - २ र परामर्श सेवा लिएका व्यक्तिको अभिलेख राखे फारामको ढाँचा अनुसूची - ३ बमोजिम हुनेछ।

१९. अनुसूचीमा हेरफेर तथा संशोधनः मन्त्रालयले यस मापदण्ड/कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ।

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

अनुसूची

(दफा ९ को (१) को (छ) सँग सम्बन्धित)

<u>केन्द्रको मासिक/त्रैमासिक/वार्षिक प्रगति प्रतिवेदन फारामको नमूना</u>

आ.व.: ................../...............

अवधिः .................. देखि ............................ सम्म

१) समष्टिगत तथ्याङ्कीय विवरणः

| सेवाग्राहीको प्रकार | साक्षर | निरक्षर | आधारभूत शिक्षा उत्तीर्ण | माध्यमिक शिक्षा उत्तीर्ण | उच्च शिक्षा उत्तीर्ण | महिला | पुरूष | वृत्ति मार्गनिर्देशन/परामर्श सेवा |
|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | | | | | | | | |
| युवा | | | | | | | | |
| अभिभावक | | | | | | | | |
| वैदेशिक रोजगारबाट फर्केका | | | | | | | | |
| वैदेशिक रोजगारीमा जान लागेका | | | | | | | | |
| अध्ययनका लागि विदेश जान लागेका | | | | | | | | |

२) यस अवधिको मुख्य सिकाइः

३) मुख्य चुनौतीः

४) सल्लाह सुझावः

<u>तयार गर्ने</u>

नामः

पदः वृत्ति मार्गनिर्देशन सहजर्कता

दस्तखतः

मितिः

<u>प्रमाणित गर्ने</u>

नामः

पदः तालिम प्रमुख

दस्तखतः

मितिः

<u>परिमार्जन गर्ने</u>

नामः

पदः वृत्ति मार्गनिर्देशन संयोजक

दस्तखतः

मितिः

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

अनुसूची – 

(दफा १८ सँग सम्बन्धित)

<u>सेवा केन्द्रको अवलोकन गर्न आउने आगन्तुकहरूको अभिलेखीकरण पुस्तिकाको ढाँचा</u>

आ.व.:

महिनाः

| क्र.सं. | मिति | आगन्तुकको नाम | पद | संस्थाको नाम/ सम्पर्क नं. | ठेगाना | अवलोकनको उद्देश्य | अवलोकनकर्ताको सल्लाह सुझाव | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

अनुसूची – ३
(दफा १८ सँग सम्बन्धित)

**सेवा केन्द्रबाट मार्गनिर्देशन तथा परामर्श लिएका सेवाग्राहीहरूको अभिलेखीकरण पुस्तिकाको ढाँचा**

आ.व.:

महिना:

| क्र.सं. | मिति | सेवाग्राहीको नाम | ठेगाना | उमेर | शैक्षिक योग्यता | सहजकर्ताले प्रदान गरेको सेवा | सेवाग्राहीको सुझाव |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |